लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : (वि.ह.तथा स्था.स.) २०७९/०८०

चलानी नं. : ६१०

मितिः २०७९/१२/०८

**विषयः आगामी आर्थिक वर्ष २०८०/८१ का लागि समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा ।**

श्री स्थानीय तह, (सबै),
लुम्बिनी प्रदेश ।

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव यसैसाथ संलग्न सूचनाको अधिनमा रही २०७९ साल चैत्र मसान्तसम्म अनिवार्य रुपमा यस सम्बन्धी विद्युतीय प्रणाली http://lumbini.csgrants.gov.np/ र मन्त्रालयको ईमेल moeap5.anudan@gmail.com मार्फत् गर्नु/गराउनुहुन यस मन्त्रालयको मिति २०७९।१२।०८ को (मा. मन्त्रिस्तर) को निर्णयानुसार अनुरोध छ ।

२०७९।१२।०८

जिवकला भण्डारी
अधिकृत सातौं

अधिकृत सातौं

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
(प्रकाशित मिति २०७९।१२।०८)

प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ (पहिलो संशोधन सहित) मा व्यवस्था भए बमोजिम स्थानीय तहहरुबाट आगामी आ.व. २०८०/८१ मा समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव सहितको विवरणहरु तयार गरी वि.सं. २०७९ साल चैत्र मसान्तभित्र यस सम्बन्धी विद्युतीय प्रणाली र ई-मेल ठेगाना moeap5.anudan@gmail.com मार्फत् यस मन्त्रालयमा पठाउनु हुन लुम्बिनी प्रदेशका सबै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्ताव पेश गर्दा उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नु पर्नेछ ।

समपूरक अनुदानमा कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव अनलाईन प्रणालीमा प्रविष्टि गर्ने प्रकृया यस प्रकार रहेको छ ।

१.उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाको लागि लग-इन गर्दा गत आ.व.मा प्रदान गरिएको विवरण(User ID/Password) नै प्रयोग गर्नु पर्नेछ। यस सम्बन्धी वेवसाइट http://lumbini.csgrants.gov.np/ मा गई समपूरक अनुदानको लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरणहरु पेश गर्नुपर्नेछ ।

२. आयोजना प्रस्ताव सम्बन्धी अन्य जानकारीको लागि प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि,२०७८ (पहिलो संशोधन सहित) हेर्न सकिनेछ।

सचिव

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ख) समपूरक अनुदान प्रस्ताव सम्बन्धी शर्तहरुः

१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछ ।

| क्र.सं. | मुलभूत क्षेत्रहरु | प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधिको व्यवस्था |
|---|---|---|
| १ | पूर्वाधार क्षेत्र | क) सडक सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा सडक सुविधा पुऱ्याउनको लागि सञ्चालन गरिने सडक आयोजना,<br>ख) सिँचाईको सम्भाव्यता देखिएका क्षेत्रमा सिँचाई सुविधा उपलब्ध गराई उत्पादन वृद्धिमा सहयोग पुऱ्याउने प्रदेश तथा स्थानीय स्तरमा सञ्चालन गरिने सिँचाई सम्बन्धी विशेष आयोजना तथा कार्यक्रम,<br>ग) विद्युत सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायमा विद्युत सेवा सुविधा उपलब्ध गराउने विशेष आयोजना तथा कार्यक्रम,<br>घ) पूलपुलेसा नभएको कारणबाट आवागमनमा कठनाई व्यहोरिरहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुविधा पुऱ्याउनका लागि सञ्चालन गरिने सडक पूल सम्बन्धी आयोजना,<br>ङ) स्थानीय स्तरमा एकीकृत बस्ती विकासका लागि सञ्चालन गरिने जग्गा एकीकरण तथा जग्गा विकास सम्बन्धी आयोजना तथा कार्यक्रम |
| २ | आर्थिक क्षेत्र | क) रोप-वे, केबलकार, पदमार्ग, पर्यटकीय प्रवर्द्धनजस्ता पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका आयोजना तथा कार्यक्रम, |
| | कृषि, भुमिसुधार तथा वन क्षेत्र | क) वैकल्पिक उर्जा विकास, जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>ख) कृषि तथा पशुपंक्षी विकास र मत्स्यपालनसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरु |
| ४ | सामाजिक क्षेत्र | क) खानेपानी सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा खानेपानी सुविधा पुऱ्याउनका लागि सञ्चालन गरिने ग्रामीण तथा प्रादेशिक स्तरका खानेपानी आयोजना तथा कार्यक्रम,<br>ख) विपद् व्यवस्थापन, विपद् प्रतिकार्य, प्रकोप न्यूनीकरण, पुनःनिर्माण तथा पुनर्स्थापना सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>ग) उच्च शिक्षा शिक्षण संस्थान र विद्यालयको पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम<br>घ) स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पताल, स्वास्थ्य चौकी निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम, |

सचिव

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | | |
|---|---|---|
| | | ङ) सुरक्षित महिला गृह, अपाङ्ग पुनर्स्थापना केन्द्र, बाल संरक्षण गृह, ज्येष्ठ नागरिक आवास गृह मिलन केन्द्र लगायतका संरचनाको निर्माण र व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>च) फोहोरमैला व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम |

**२.आयोजना तथा कार्यक्रमको रकमको सीमा र आयोजनाको कार्यान्वयनको अवधिः**

- न्यूनतम एक करोडभन्दा बढी र अधिकतम दश करोडसम्म कुल लागत भएका आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुपर्नेछ,
- प्रदेश सरकारबाट गाउँपालिकालाई अधिकतम रु. २ करोड, नगरपालिकालाई अधिकतम रु. २ करोड ५० लाख र उपमहानगरपालिकालाई अधिकतम रु. ३ करोडको सीमा उपलब्ध गराइनेछ,
- स्थानीय तहबाट समपूरक अनुदानका लागि कार्यान्वयन हुन आयोजना तथा कार्यक्रमको वार्षिक अनुमानति खर्चको कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह र अन्य क्षेत्रले व्यहोर्नुपर्नेछ,
- समपूरक अनुदानका लागि प्रस्तावित आयोजना तथा कार्यक्रमको अवधि बढीमा ३ वर्षको हुनुपर्ने ।३ वर्ष आर्थिक वर्षमा सम्पन्न हुने आयोजना तथा कार्यक्रमको हकमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा प्रत्येक आर्थिक वर्षका लागि प्रदेश सरकार र स्थानीय तहले व्यहोर्ने रकम अनिवार्य रुपमा खुलाई प्रस्ताव गर्नुपर्नेछ ।

**३. समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः**

- आयोजना तथा कार्यक्रमको कुल लागत अनुमानको सारांश (Summary of cost estimates),
- प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक कार्यक्रममा कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेट सुनिश्चितताको पत्र,
- आयोजनाको नक्सा, डिजाइन, स्पेशिफिकेशन सहितको विस्तृत विवरण,
- आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन(फिजिविलिटी स्टडी) प्रतिवेदन तथा डि.पी.आर.,
- प्रचलित कानून बमोजिम आयोजना तथा कार्यक्रमको वातावरणीय अध्ययन प्रतिवेदन,

सचिव

- प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ (प्रथम संशोधन सहित) को अनुसूची-२ बमोजिमको आयोजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना,
- स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको कार्यपालिकाको निर्णयको प्रतिलिपी,
- अघिल्ला आर्थिक वर्षमा ३ आर्थिक वर्षका लागि स्वीकृत आयोजना तथा कार्यक्रमको प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ (प्रथम संशोधन सहित)को अनुसूची-३ बमोजिमको चौमासिक प्रगति प्रतिवेदन।

**४. समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा ध्यान दिनुपर्ने कुराहरुः**

- अघिल्ला आर्थिक वर्षमा ३ आर्थिक वर्षका लागि स्वीकृत आयोजना तथा कार्यक्रमको प्रगति विवरण प्रविष्टी गरी रकम माग गरेपश्चात वा रकम चाहिँदैन भनी प्रविष्टी गरेपश्चात् मात्र नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ ।यस सम्बन्धी विस्तृत जानकारीको लागि प्रयोगकर्ता पुस्तिका हेर्न सकिनेछ ।
- यथासम्भव एकमात्र मूलभूत क्षेत्रका आयोजना तथा कार्यक्रम प्रस्ताव नगरी सबै मूलभूत क्षेत्रका आयोजना तथा कार्यक्रम (जस्तैः आर्थिक क्षेत्र, कृषि तथा भूमि सुधार तथा वन क्षेत्र, पूर्वाधार क्षेत्र, सामाजिक क्षेत्र, सुशासन तथा अन्य क्षेत्र) प्रस्ताव गर्नुहुनेछ ।

| क्र.सं. | शर्तहरु | फाइल अपलोड |
|---|---|---|
| १. | आयोजना तथा कार्यक्रम कुल लागत निर्धारित सीमाभित्र रहेको (न्यूनतम एक करोडभन्दा बढी र अधिकतम दश करोडसम्मका आयोजना तथा कार्यक्रमहरु) | कुल लागत अनुमान अपलोड गर्नुपर्ने |
| २. | आयोजना तथा कार्यक्रम कार्यान्वयन अवधि बढीमा ३ वर्ष भएको | |
| ३. | आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र औचित्यता | |
| ४. | आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता भएको | |
| ५. | स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित रहेको | |
| ६. | जनताको आयस्तर तथा गरिबी निवारणमा योगदान पुऱ्याउने | |
| ७. | प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक कार्यक्रममा कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेटको सुनिश्चितता पत्र | फाइल अपलोड गर्नुपर्ने |
| ८. | स्थानीय सीप, स्रोत र साधनको उपयोग हुने | |
| ९. | प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रसँग सम्बन्धित रहेको | |
| १०. | आयोजनाको नक्सा, डिजाईन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण भएको | फाइल अपलोड गर्नुपर्ने |

सचिव

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | | |
|---|---|---|
| ११. | आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण भएको | |
| १२. | आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन(फिजिबिलिटी स्टडी) प्रतिवेदन तथा डि.पी.आर. | फाइल अपलोड गर्नुपर्ने |
| १३. | प्रचलित कानुन बमोजिम आयोजना तथा कार्यक्रमको वातावरणीय अध्ययन प्रतिवेदन | फाइल अपलोड गर्नुपर्ने |
| १४. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण अनुदान, सशर्त, समपूरक र विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुसँग दोहोरो नपरेको । | |
| १५. | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको र सडक निर्माण सम्बन्धी आयोजनाहरुमा भू-धरातलीय जोखिम न्यूनीकरण गर्ने प्रविधि अवलम्बन गरिएको हुनुपर्ने । | |
| १६. | अघिल्ला आर्थिक वर्षमा ३ वर्ष कार्यान्वयन अवधि भनी स्वीकृति भएका आयोजना तथा कार्यक्रमहरुलाई अनिवार्य रुपमा पहिलो प्राथमिकतामा राखी आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्नुपर्नेछ ।त्यस्ता आयोजना तथा कार्यक्रमको लागि प्रस्ताव पेश नभएमा स्वतः बजेट विनियोजन हुने छैन । | |
| १७. | स्थानीय तहको कार्यपालिकाले समपुरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी | फाइल अपलोड गर्नुपर्ने |
| १८. | कार्यविधिको दफा ३ मा उल्लेखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको हुनुपर्ने | |
| १९. | कार्यविधिको अनुसूची-१ को प्रमाणित प्रति | फाइल अपलोड गर्नुपर्ने |
| २०. | गाउँपालिकाले अधिकतम ४ वटा, नगरपालिकाले अधिकतम ५ वटा र उप-महानगरपालिकाले अधिकतम ६ वटासम्म आयोजना तथा कार्यक्रमहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ र त्यस्ता आयोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण घट्दो क्रममा निर्धारण गर्नुपर्नेछ । | |

सचिव